जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

*कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाह्नु हुन्छ भने सम्पर्क गर्नुहोला।*

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः १६ पृष्ठः ४ | २०८३ बैशाख २१ सोमबार (Monday 04 May 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## आर्थिक कसुरका उजुरी अनुसन्धान सम्पत्ति शुद्धीकरण विभागले गर्ने

काठमाडौं, २० वैशाख। सरकारले अध्यादेश मार्फत सम्पत्ति शुद्धीकरण विभागलाई थप शक्तिशाली बनाएको छ। सरकारले आर्थिक क्षेत्रमा कर, तस्करी, बीमा, बैंक तथा सेयर बजारसँग सम्बन्धित कसुर अनुसन्धानको जिम्मा विभागलाई लगाएको हो। सरकारले अध्यादेश मार्फत सम्पत्ति शुद्धीकरण निवारण ऐन २०६४ संशोधन गरेको हो। सरकारले प्रमाणीकरणका लागि राष्ट्रपति कार्यालयमा पठाएको अध्यादेश १८ वैशाखमा स्वीकृत भएको हो।

अध्यादेशले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन २०६४ को दफा १३ को उपदफा १ को खण्डमा तस्करी (भन्सार, अन्तःशुल्क तथा करसहित) सम्बन्धी, कर (प्रत्यक्ष वा अप्रत्यक्ष समेत) सम्बन्धी, धितोपत्र वा कमोडिटिज बजार प्रतिकूल प्रभाव पार्ने (मार्केट म्यानिपुलेसन) वा भित्री कारोबार (इन्साइडर ट्रेडिङ) सम्बन्धी मुद्रा, बैंकिङ, वित्तीय, विदेशी विनिमय, विनिमय अधिकारपत्र र बीमासम्बन्धी सम्बद्ध कसुरसँग सम्बन्धित सम्पत्ति शुद्धीकरणको सूचना भए विभागले अनुसन्धान गर्ने व्यवस्था गरेको हो।

संशोधनअघि उक्त खण्ड सम्बद्ध कसुरसँग सम्बन्धी विषय भए विभागमा उजुरी दिने र विभागले अनुसन्धान गर्ने व्यवस्था थियो। सरकारले ऐन संशोधन गर्नुभन्दा अघि यी सबै उजुरी अनुसन्धान सम्बद्ध कसुर अन्तर्गत थियो। त्यसैगरी अध्यादेशले ऐनको दफा २२ को 'सम्बन्धित सरकारी वकिल कार्यालयमा' भन्ने शब्दको सट्टा 'विभागको हकमा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकेको सरकारी वकिल कार्यालयमा र अन्यको हकमा सम्बन्धित सरकारी वकिल कार्यालयमा' भन्ने शब्द राखेको नेपाल राजपत्रमा उल्लेख छ।

त्यसैगरी सोही दफाको उपदफा २ मा विभागले गरेको अनुसन्धानबाट मुद्दा चल्ने देखिए सरकारी वकिलले विशेष अदालतमा मुद्दा दायर गर्ने व्यवस्था अध्यादेश मार्फत थप गरिएको छ। ऐनको दफा २९ मा मुद्दा चलाउन र सजाय गर्न बाधा नपर्ने व्यवस्था अन्तर्गतको उपदफामा पनि अध्यादेशले संशोधन गरेको छ। सोही दफाको उपदफा १ मा ऐनमा अन्यत्र लेखिएको कुनै कुराले यस यस ऐन बमोजिम परेको उजुरी अनुसन्धान गर्दा प्राप्त प्रमाणका आधारमा सम्बद्ध कसुर वा सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुरमध्ये कुनै एक वा दुवै कसुरमा मुद्दा चलाउन बाधा पर्ने छैन। उक्त उपदफा पनि (१क) उपदफा थप गर्दै अध्यादेशले उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विभागले अनुसन्धान गर्दा आफ्नो क्षेत्राधिकारको कुनै सम्बद्ध कसुरमा मुद्दा चलेको अवस्था देखिएकोमा सोसम्बन्धी सम्बद्ध कसुरको समेत मागदाबी लिई अभियोजनको राय प्रस्ताव गर्न बाधा नपर्ने अध्यादेशमा उल्लेख छ।

## विश्व प्रेस स्वतन्त्रता दिवस : प्रेसमाथि सरकारी दमन बढेको भन्दै पत्रकार महासंघद्वारा प्रदर्शन

काठमाडौं, २० वैशाख। विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा नेपाल पत्रकार महासंघले काठमाण्डौको माइतीघर मण्डलामा ऐक्यबद्धता र्‍याली तथा विरोध प्रदर्शन गरेको छ।

सञ्चार क्षेत्रमाथि भइरहेका विभिन्न प्रकारका दमन र हस्तक्षेपको विरोध गर्दै महासंघले आफ्नो आन्दोलनको स्वरूपअनुसार कार्यक्रम आयोजना गरेको हो। कार्यक्रममा बोल्दै नेपाल पत्रकार महासंघकी अध्यक्ष निर्मला शर्माले पछिल्लो समय प्रेस स्वतन्त्रता हननका घटना बढेको भन्दै गम्भीर चिन्ता व्यक्त गर्नुभयो।

**–बाँकी अन्तिम पेजमा**

### अध्यादेश फिर्ता गर्दा राष्ट्रपतिको सन्देश

## 'बहुमतीय प्रणालीलाई जीवन्त र निरन्तर राख्नुपर्छ'

काठमाडौं, २० वैशाख। राष्ट्रपति रामचन्द्र पौडेलले संवैधानिक परिषद् सम्बन्धी अध्यादेशले कूल संरचनाको बहुमत प्रतिनिधित्व नगरेकोले पुनर्विचारका लागि फिर्ता गरेका छन् । उनले बुहमतीय प्रणालीलाई जीवन्त र निरन्तर राखिराख्नु पर्ने भन्दै अध्यादेश फिर्ता गरेका हुन्। 'संवैधानिक परिषद्को कूल संरचनाको बहुमतलाई प्रतिनिधित्व नगरेको देखिएको हुँदा बहुमतीय प्रणालीलाई जीवन्त र निरन्तर राखिराख्न सर्वोच्च अदालतको पूर्ण इजलासको आदेशलाई समेत दृष्टिगत गरी अध्यादेशको विषयवस्तुका सम्बन्धमा पुनर्विचार गर्न फिर्ता पठाइएको छ,' राष्ट्रपतिले अध्यादेश फिर्ता पठाउँदा दिएको सन्देशमा छ।

राष्ट्रपतिले पौडेलले अध्यादेश प्रतिस्थापन विधेयकबाट पारित नभए वा निष्क्रिय भएको अवस्थामा कानुनी शून्यतामा जान्छ भन्ने सरकारका मन्त्रीहरू र कतिपय कानुन व्यवसायीहरूका तर्कहरूलाई पनि इंगित गर्दै सर्वोच्च अदालतको यसअघिको नजीरलाई स्मरण गराएका छन्। सर्वोच्चले अध्यादेश निष्क्रिय रहेको अवस्थामा पुरानै ऐनले काम गर्ने खालको आदेश यसअघि गरेको थियो। त्यसैले अहिले संवैधानिक पदाधिकारीहरूको नियुक्ति र निर्णयका लागि संवैधानिक परिषद्को विद्यमान ऐनले नै काम गर्ने बुझाइ राष्ट्रपतिको छ।

राष्ट्रपति पौडेलले अध्यादेश फिर्ता गर्दा विधेयकमा संसद्बाट पारित भएर आएको विधेयक किन फिर्ता पठाएको थियो भन्ने स्मरण गराएका छन्। 'प्रमाणीकरणका लागि पेश विधेयक संविधानको धारा २८४ को भावना मर्व एवं विश्वव्यापी लोकतान्त्रिक अभ्यास र मान्यता अनुकूल नदेखिएकोले संवैधानिक परिषद्को उल्लेखित कूल संख्याको सर्वसम्मतिबाटै सिफारिस र निर्णय हुनुपर्ने कथंकदाचित सर्वसम्मति हुन नसके कुनै तरहले कूल संख्याको बहुमत ओझेलमा पर्न हुँदैन र बहुमतको आधार नै निर्णयको अन्तिम आधारस्तम्भ मानिनुपर्ने लगायतका सन्देशसहित सम्मानिन संसद्मा उक्त विधेयक फिर्ता भएको' राष्ट्रपतिले स्मरण गराएका छन्।

सुशीला कार्की नेतृत्वको सरकारले पनि अध्यादेशमा सोही विषय समावेश गरेको र उक्त सिफारिस बमोजिम अध्यादेश जारी नभएको राष्ट्रपतिले उल्लेख गरेका छन्। अहिले फेरि त्यही व्यहोराको अध्यादेश आएकोले त्यसले बहुमतीय प्रणाली एवं विश्वव्यापी लोकतान्त्रिक मूल्यमान्यताको प्रतिनिधित्व नगर्ने धारणा राष्ट्रपतिको छ।




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

**सार्वजनिक सेवा लिंदा ध्यान दिऔं।**

- आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
- आवश्यक कागजात र प्रक्रिया पूरा गरौं,
- नागरिक बडापत्रका बारेमा जानकारी राखौं,
- आधिकारिक सेवाप्रदायकबाट मात्र सेवा लिऔं,
- सेवा प्राप्त गर्दा विचौलियाको प्रयोग नगरौं,
- सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
- जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दिऔं,
- सेवा प्रवाहमा समस्या भएमा सम्बन्धित निकायमा सम्पर्क गरौं,
- अनियमितता र भ्रष्ट्राचारविरूद्ध सम्बन्धित निकायमा उजुरी गरौं,
- सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## नगदसहित दुई पक्राउ

मोरङ, २० वैशाख। स्रोत नखुलेको रु २६ लाख ९८ हजारसहित एक भारतीय नागरिकसहित दुई जनालाई पक्राउ गरिएको छ। शनिबार काठमाडौँ जान लागेका अवस्थामा विराटनगर विमानस्थलबाट भारतको माल्दा जिल्ला सुजागञ्ज सिन्धा चन्चलाका ३६ वर्षीय मोहिदिल अलीलाईरु १५ लाख ९८ हजारसहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयकी प्रहरी नायब उपरीक्षक कोपिला चुँडालले जानकारी दिनुभयो। त्यसअघि शुक्रबार धरान उपमहानगरपालिका-१८ का ३५ वर्षीय दिलीप तामाङलाई सोही विमानस्थलबाट स्रोत नखुलेको रु ११ लाखसहित पक्राउ गरिएको उहाँले बताउनुभयो। दुवै जनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# सम्पादकीय

## दबाब र दण्डहीनताबीच थिचिएको प्रेस स्वतन्त्रता

सत्ता स्वभावतः स्वतन्त्रताप्रति सहज हुँदैन भने प्रेस स्वतन्त्रताप्रति त झन् असहिष्णु र सशंकित रहने प्रवृत्ति हुन्छ। संविधान र कानुनले प्रत्याभूत गरेको स्वतन्त्रता व्यवहारमा आइपुग्दा कमजोर हुनु लोकतान्त्रिक व्यवस्थामै पनि देखिने विरोधाभास हो। नेपालमा पनि यही प्रवृत्ति दोहोरिँदै छ। सरकार जति बलियो हुन्छ प्रेस स्वतन्त्रतामाथिको दबाब उति बढेको अनुभूति हुन्छ। दक्षिण एसियामा प्रेस स्वतन्त्रता राज्य, सत्ता र समाजबीचको शक्ति सन्तुलनको सूचक रहँदै आएको छ रिपोर्टर्स् विथआउट बोर्डर्स को २०२६ को विश्व प्रेस स्वतन्त्रता सूचकाङ्कले क्षेत्रका अधिकांश देशहरू 'समस्याग्रस्त' वा 'गम्भीर' अवस्थामै रहेको देखाउँछ। प्रतिवेदन अनुसार भारतमा राजनीतिक दबाब र कर्पोरेट केन्द्रीकरण, पाकिस्तानमा सुरक्षा निकायको प्रभाव र हिंसा, बंगलादेशमा कानुनी नियन्त्रण, श्रीलङ्कामा आर्थिक अस्थिरता तथा अफगानिस्तानमा प्रत्यक्ष दमन यस क्षेत्रका साझा प्रवृत्ति जस्तै हुन्।

यस परिप्रेक्ष्यमा नेपाललाई प्रायः 'मध्यम' श्रेणीमा राखिए पनि पछिल्ला घटनाक्रमले अवस्था खस्कँदै गएको संकेत गर्छ। सरकारी विज्ञापन वितरणसम्बन्धी नीतिगत निर्णयहरूले मिडियामाथि आर्थिक दबाब सिर्जना गरेको छ। कानुनीरूपमा स्वतन्त्रता सुरक्षित देखिए पनि व्यवहारमा राज्य र शक्तिशाली समूहहरूको असहिष्णुता बढ्दो छ। गत भदौमा सञ्चारमाध्यम र पत्रकारमाथि भएका आक्रमणहरूले यही असहिष्णुतालाई उजागर गरे। समाचार संकलनका क्रममा कुटपिट, उपकरण तोडफोड र धम्कीका घटनाले प्रेस स्वतन्त्रता व्यवहारमा असुरक्षित रहेको देखायो। भदौ २३–२४ का घटनामा संलग्नहरू अझै दण्डित नहुनु दण्डहीनताको गम्भीर संकेत हो। यस्ता घटना आकस्मिक नभएर राज्य संयन्त्रको कमजोर प्रतिबद्धता र कानुनी कार्यान्वयनको कमीका परिणाम हुन्।

फ्रिडम फोरम, नेपालको पछिल्लो प्रतिवेदनले पनि पत्रकारमाथि धम्की, दुर्व्यवहार, कानुनी कारबाही र अनलाइन आक्रमणका घटनाहरू बढ्दो रहेको देखाउँछ। अझ चिन्ताजनक त यस्ता घटनामा संलग्नहरू प्रायः दण्डित नहुनु हो। सञ्चार जगतप्रतिको आक्रमणमा दण्डहीनता संस्थागत हुँदै गएको देखिन्छ। प्रेस स्वतन्त्रता खुम्चिनु मिडियाको समस्यामात्र भने होइन। यसले नागरिकको सुसूचित हुने अधिकार सीमित पार्छ, सार्वजनिक बहस कमजोर बनाउँछ र सत्ताको जवाफदेही घटाउँछ। दक्षिण एसियाको अनुभवले देखाउँछ प्रेसमाथि नियन्त्रण बढ्दा लोकतान्त्रिक संरचना नै कमजोर बन्छन्।

नेपाल अझै यस क्षेत्रका केही देशहरूको तुलनामा खुला समाजका रूपमा उभिएको देखिन्छ। तर यो सापेक्षिक उपलब्धिमात्र हो जसमा आत्मसन्तुष्टिको ठाउँ छैन। मिडियामाथि हुने आक्रमणलाई राज्य र समाजले गम्भीरतापूर्वक नलिने दण्डहीनता कायम रहिरहने हो भने नेपाल पनि क्षेत्रीय गिरावटको साझा धारतर्फ उन्मुख हुन सक्छ।

अतः अबको प्राथमिकता स्पष्ट हुनुपर्छ – पत्रकारको सुरक्षा सुनिश्चित गर्ने, प्रेसमैत्री कानुनी सुधार अघि बढाउने र राज्य तथा राजनीतिक शक्तिहरूले आलोचनालाई सहने लोकतान्त्रिक संस्कार विकास गर्ने। साथै राज्यले सरकारी र निजी सञ्चार माध्यमबीच भेदभाव नगर्ने नीति अपनाउनुपर्छ। नत्र प्रेस स्वतन्त्रता सूचकाङ्कका अंकमा सीमित रहनेछ।

# सबैले बिर्सेका विस्थापित बालबालिका !

**गोविन्द अधिकारी**

काठमाडौंका 'सुकुमबासी' भनेर बदनाम गराइएका प्रायः सुकुमबासीहरू बस्दै आएका विभिन्न अव्यवस्थित बस्तीहरू सरकारले निर्ममतापूर्वक भत्काइदियो। त्यहाँ बस्दैआएकाहरू विस्थापित भए। सरकारले व्यवस्थापन गर्छ भनिए पनि अहिलेसम्म त्यसका लाग दीर्घकालीन योजना बनेको सार्वजनिक भएको छैन। ती बस्तीबाट विस्थापित भएकाहरू भने सडकमा पुगेका छन्। उनीहरूमध्ये अधिकांश उपत्यकाबाहिरबाट आएका देखिन्छन्। तिनीहरू सडकमा बस्न होइन अवसरको खोजीमा सहर पसेकाहरू हुन्। अव्यवस्थित बस्तीमा बस्दा तिनले कतै न कतै केही गरेर गुजारा चलाउन थालेका थिए।

यी बस्तीहरू उठाउनै पर्थ्यो वा तिनै बस्तीलाई व्यवस्थित गर्नुपर्थ्यो भन्ने बहस अब असान्दर्भिक भइसक्यो। बस्तीहरूमा डोजर चलिसकेको छ। बस्ती त्यहाँका घर वा अरू संरचना होइन। त्यहाँ बस्ने मानिसहरू हुन्। तर, बासिन्दाहरूको बस्तीसँग गहिरो सम्बन्ध हुन्छ। त्यसमा पनि बालबालिकाको त व्यक्तित्वको निर्माण नै बस्तीअनुसार हुन्छ। बस्तीसँग बालबालिका भावनात्मक लगाव आमाबाबुसँग जति नै गहिरो र आत्मीय हुन्छ। अहिले उठीबास लगाइएका प्रायः सबैको जिन्दगी पहिलेजस्तो पक्कै हुनेछैन। उठीबास लाग्नेहरूको पीडा कथा, उपन्यासमा पढेको वा सिनेमा टेलिभिजनमा हेरेको भरमा बुझ्न सकिँदैन।

विस्थापित हुनुपर्दा बालबालिकाले बढी नै गुमाउँछन् भौतिक र मानसिक दुवैरूपमा। उनीहरूको बास उठेको छ। गाँस खोसिएको छ र साथ छुटेको छ। पढिरहेको विद्यालय वा चिनेका शिक्षकशिक्षिका सबै गुमाएका छन्। प्राकृतिक विपत्तिले पनि उठीबास लाग्छ। त्यतिबेला राज्य त छ नि भन्ने भरोसा हुन्छ। अहिले त राज्यले नै उनीहरूलाई उठीबास लगाएको छ। यसले बालबालिकालाई मानसिकरूपमा पक्कै गहिरो प्रभाव पारेको हुनुपर्छ। माओवादी आतङ्क सहन नसकेर पनि नेपालको ठूलो जनसंख्या विस्थापित भएको थियो। उतिबेला त्यसरी विस्थापित भएकाहरू गाउँबाट सहर पसेका थिए। तीमध्ये अधिकांश गाउँका हुनेखाने परिवारकै भएकाले र राज्यको भरोसा भएकाले जसोतसो सहरमा स्थापित भए। यसपटक भने सहरबाटै विस्थापित भएका छन्। धेरैको सायद अन्त कतै जाने ठाउँ पनि छैन। ठाउँ भएकैहरू पनि कतै जान चाहँदैनन्। कम्तीमा छोराछोरीको भविष्य यतै सहरमै उज्यालो हुने देख्छन् उनीहरू।

आमाबाबुले सहर छाड्न खोजे पनि हुर्केका बालबालिकालाई काठमाडौंबाहिर लैजान सहज हुँदैन। सामान्यतः विस्थापनको अर्को चरण पारिवारिक विखण्डन हुनपुग्छ। यसैले यी विस्थापित बालबालिका अभिभावकसँग अलग्गिएर भौँतारिन सक्छन्। उनीहरू भोलि सडक बालबालिकाका रूपमा हुर्कने जोखिम बढी देखिन्छ। अर्थात्, रास्वपा सरकारको उठीबास अभियानले बालबालिकाको नयाँ पुस्तालाई सडकमा पठाउँदै छ। विगतमा माओवादी द्वन्द्वबाहेक यसरी ठूलो संख्यामा बालबालिका विस्थापित भएका थिएनन्। सडकमा पनि एकैपटक उस्तै पृष्ठभूमिका बालबालिका वा युवा नै पनि बेघर भएका थिएनन्। यसैले यसरी विस्थापित बालबालिकाको भविष्य यस्तै हुन्छ भन्ने अनुभवजन्य तथ्याङ्क सम्भवतः छैन। भएका अध्ययनहरू पनि सीमित क्षेत्रमा केन्द्रित भएकाले सामान्यीकरण नगरौँ। तर, केही अध्ययनहरू अनुभवजन्य विवरणहरूले भने बेलैमा सम्बोधन नगरे विस्थापित बालबालिकामध्ये धेरैको भविष्य चिन्ताजनक हुने डर देखाएका छन्।

सन् १९९० को दशकमा दक्षिण एसियामा गलैँचा बुन्ने र युरोप अमेरिकामा बेच्ने व्यवसाय निकै चम्क्यो। त्यसमा पनि तिब्बती सीप र स्विस सहयोगका कारण नेपाली गलैँचाले निकै राम्रो बजार पायो। तर, गलैँचा उद्योगमा बालमजदुरी व्यापक थियो। र, सन्, १९८९ मा बाल अधिकार महासन्धि पारित भएसँगै बालअधिकारप्रति धनी मुलुकहरूमा नागरिकस्तरमै चासो बढेको थियो। यस्तैमा बीबीसी टेलिभिजनको 'पानोरमा' कार्यक्रममा नेपाल, भारत, पाकिस्तानका गलैँचा कारखानामा बालमजदुरीको अवस्थासम्बन्धी वृत्तचित्र देखाइयो। त्यसले दक्षिण एसियाको गलैँचा उद्योगलाई निकै ठूलो आघात पुग्यो। (यस समस्यालाई सम्बोधन गर्न भारतीय बालअधिकार अभियन्ता कैलाश सत्यार्थीको परिकल्पनाअनुसार नयाँ उपाय खोजिएको थियो 'रगमार्क'का नाममा। अहिले पनि नेपाललगायतका केही देशमा गुडविभका नामबाट यो अभियान चलिरहेको छ। )

रगमार्कले काम थाल्नुभन्दा पहिले नै गलैँचा व्यवसायीहरूले बालबालिकालाई कारखानाबाट हटाइदिए। फलस्वरूप एक्कासि हजारौं बालबालिका सडकमा पुगे। तीमध्ये केहीलाई सामाजिक संघसंस्थाले आश्रय दिए भने अधिकांश सडकमा पुगे। सडकबाट उनीहरू हराए। उतिबेलाका अध्ययनहरूले तीमध्ये धेरै बालिकाहरू जबर्जस्ती देहव्यापारमा पुर्‍याइएका देखाएका छन्। कतिपयको अन्त्य लागुपदार्थ दुर्व्यसनीका रूपमा भएको मानिन्छ।

धेरैलाई अझै सम्झना होला उतिबेला सडक बालबालिकाको संख्या निकै धेरै देखिन्थ्यो। देहव्यापार वा दुर्व्यसनबाट जोगिएका मध्ये पनि धेरै सहरमै निकृष्ट बालश्रममा लागे। अभिभावकसँगै रहेका बालबालिका र गलैँचाबाट हटाइएका बालबालिकाको भविष्य उस्तै हुन्छ भनेर ठोकुवा गर्न त नमिल्ला तर यी दुवै समूहका बालबालिका विस्थापित हुन्। एकाएक उनीहरू गाँस, वासबाट वञ्चित गरिएका छन्।

यसैले सन् १९९० को दशककै जस्तो निकृष्ट बालश्रमको जालमा फस्ने जोखिमप्रति उदासीन हुनु अमानवीय र मूर्खतापूर्ण हुनेछ। यी बालबालिकाका समस्यामा केन्द्रित विशेष कार्यक्रम बेलैमा सञ्चालन गरेर उनीहरूलाई सकेसम्म परिवारमै रहेर औपचारिक शिक्षा पाउने बन्दोबस्त मिलाउन नेपाल सरकार र बालहितमा काम गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाको ध्यान गइसक्नुपर्थ्यो। नागरिक समाजका नाममा सरकारलाई गरिएको आग्रहमा बालबालिकाको अवस्थामा विशेष ध्यान दिन आग्रह भएको देखिएन।

विडम्बना, न सरकारलाई दबाब दिनसक्ने राष्ट्रिय मानव अधिकार आयोगले बालबालिकाका हकमा विशेष केही बोलेको सुनिएको छ न संयुक्त राष्ट्र बालकोष (युनिसेफ) ले नै सरकारको ध्यान आकर्षण गरेको नै सार्वजनिक भएको छ। यस्तै, उतिबेला (सन् १९९० देखि २०१५) सम्म त धेरै गैरसरकारी सामाजिक संघसंस्था पनि सक्रिय थिए। माओवादी द्वन्द्वकालमा समेत सामाजिक संघसंस्था र तिनका सञ्जाल सक्रिय थिए। सरकारमात्र होइन सुरक्षाफौज र माओवादीलाई खबरदारी गर्थे। अहिले ती सबै हराएका हुन् ? कि त्यतिबेला सक्रिय अभियन्ताहरूको पुस्ता थाकेपछि नयाँ पुस्ताको ध्यानै त्यता नगएको हो ? कुनै बेला बालअधिकार अभियानमा थेरथोर सक्रिय रहेको भएर हो कि पङ्क्तिकार अहिलेको सरकार र समाजको निरपेक्ष उदासीनता देखेर व्यग्र भएको छ। बालबालिकासम्बन्धी मन्त्रालय छ, बाल अधिकार परिषद् पनि छ क्यारे तिनले पनि यस विषयमा ध्यान दिनुपर्थ्यो। राष्ट्रिय मानव अधिकार आयोग किन बालबालिकाका हकमा नबोलेको हो? युनिसेफ र स्थानीय सामाजिक संघसंस्था समस्या चर्कोस् अनि पैसा उठाउन सजिलो हुन्छ भन्ने ठानेर पर्खेका त होइनन् होला नि ?

र अन्त्यमा भन्छन् – कानुनले प्रायः निष्पक्ष र भावनारहित देखिन खोज्छ। तर कहिलेकाहीँ यही "निष्पक्षता" नै मानवीय पीडाप्रति समेत उदासीन हुनपुग्छ। विस्थापित बालबालिकाको सबालमा आज हामी त्यही मोडमा उभिएका छौं। के कानुन कार्यान्वयनका क्रममा मानवीय पीडाप्रति संवेदनशील हुनै नमिल्ने हो ? बालबालिकाको जीवनप्रति नै उदासीन हुनु अन्याय हो। बाल न्याय समितिले स्वतः संज्ञानमा लिएर न्याय दिलाउन मिल्दैन ? बाह्रखरीबाट

# स्थानीय तहका ३५ हजार २२१ उम्मेदवार छनोटको तयारीमा जुट्यो रास्वपा

काठमाडौं, २० वैशाख। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) संघीय सरकार निर्माण लगत्तै स्थानीय चुनावको तयारीमा जुटेको छ। पहिलो पटक स्थानीय चुनावमा सहभागी हुन लागेको रास्वपाले अरू दलभन्दा एक कदम अगाडि बढेर तयारी थालेको हो। २०७९ वैशाखमा स्थानीय तहको चुनाव हुँदा रास्वपा दल नै गठन भएको थिएन। रास्वपाले स्थानीय तहको उपचुनावमा भने भाग लिएको थियो।

प्रतिनिधिसभा निर्वाचनमा पहिलो दल बनेको रास्वपाले अर्को वर्ष हुने स्थानीय चुनावका लागि केन्द्रीय तहबाटै तयारी तीव्र पारेको छ। रास्वपाले ३५ हजार २२१ उम्मेदवारका लागि छनोटको विधि बनाउन सहमहामन्त्री विपिनकुमार आचार्यको संयोजकत्वमा केन्द्रीय तहको समिति गठन गरेको छ। सात सदस्यीय समितिमा केन्द्रीय सदस्यहरू आरके ढुङ्गाना, समीक्षा बाँस्कोटा, केपी खनाल, कामिनी चौधरी, रामकृष्ण भट्टराई र रोहन कार्की सदस्य छन्। आरके ढुङ्गाना समितिको सदस्यसचिवको जिम्मेवारीमा छन्।

स्थानीय तहमा उम्मेदवार छनोटलाई पारदर्शी, समावेशी, योग्यतामा आधारित बनाउन समिति बनाइएको रास्वपाले जानकारी दिएको छ। आचार्य नेतृत्वको 'उम्मेदवार छनोट रूपरेखा तथा क्यान्डिडेट क्लब सम्पादन समिति' ले वडा, पालिका, जिल्ला र प्रदेशमा छलफल गरेर सुझाव लिने कार्य गरिसकेको छ। उक्त समितिले स्थानीय तह उम्मेदवार छनोट रूपरेखाको मस्यौदा प्रतिवेदन सभापति रवि लामिछानेलाई आइतबार पेस गरेको छ। स्थानीय तह निर्वाचनमा रास्वपाबाट उम्मेदवार हुन इच्छुकले उम्मेदवार क्लब र लिडरसिप एकेडमीबाट उत्तीर्ण हुनैपर्ने मापदण्ड बनाइएको छ।

रास्वपाबाट स्थानीय तहमा उम्मेदवार हुनका लागि अनिवार्य रूपमा पार्टी सदस्य र उम्मेदवार क्लबमा दर्ता भएको हुनुपर्छ। उम्मेदवार छनोटको रूपरेखा तयार गर्न बनेको समितिका सदस्य सचिव ढुङ्गानाका अनुसार पार्टीले केही समयपछि उम्मेदवार क्लबमा दर्ता हुन सार्वजनिक सूचना जारी गर्नेछ।

'कानुनी रूपमा योग्यता पुगेका जो सुकै व्यक्तिले उम्मेदवार हुनका लागि आवेदन दिन सक्नु हुनेछ। पार्टी सदस्य भइसकेको र भर्खरै सदस्यता लिनुभएको व्यक्तिले पनि उम्मेदवार क्लबमा नाम दर्ता गर्न सक्नु हुन्छ,' समितिका सदस्यसचिव ढुङ्गानाले भने। उम्मेदवारको आकांक्षा राखेर नाम दर्ता गर्नेहरूका लागि रास्वपाले प्रशिक्षण दिनेछ। राज्यका कुनै पनि तहको निर्वाचनमा उम्मेदवार हुन सदस्यहरूलाई प्रशिक्षण तथा परीक्षण गरी नेतृत्व क्षमता विकास गर्ने उद्देश्य रास्वपाले राखेको छ।

पार्टी विधान, जनप्रतिनिधिका काम, कर्तव्य, अधिकार, स्थानीय तहको सरकारले गर्नुपर्ने कार्य, कानुनी, व्यावहारिक पाटो लगायतमा पार्टीले प्रशिक्षण प्रदान गर्नेछ। उम्मेदवार हुन इच्छुकका लागि आधारभूत र विशिष्ट दुवै कक्षा पार्टीले सञ्चालन गर्ने केन्द्रीय समिति सदस्य ढुङ्गानाले जानकारी दिए। दलका नेता एवं विषय विज्ञहरूले प्रशिक्षण दिने रास्वपाले जनाएको छ। उम्मेदवार हुनका लागि उत्तीर्ण हुनैपर्ने बाध्यात्मक विधि बनाइए पनि उत्तीर्ण हुनका लागि आवश्यक प्रतिशत भने किटान गरिएको छैन।

तोकिएको समयमा प्रशिक्षण र परीक्षणका चरण पार नगरेमा उम्मेदवार क्लबको सदस्य बन्न नपाउने विधि बनाइएको छ। उम्मेदवार छनोट हुन प्रारम्भिक निर्वाचनको मत, लिडरसिप एकेडेमीको नतिजा, पोलिटिकल प्रोक्सिमिटी र समावेशिता लगायतलाई भाराङ्क निर्धारण गरिएको छ। यी चार विषयमा फरकफरक भार अंक हुनेछ। पार्टीमा क्रियाशिलता, स्थानीय

–बाँकी अन्तिम पेजमा

# विभिन्न अध्यादेश जारी भएसँगै पदमुक्त हुँदै पदाधिकारीहरू

**सुजना राई**

काठमाडौं, २० वैशाख। राष्ट्रपति रामचन्द्र पौडेलले मन्त्रिपरिषद्को सिफारिसमा 'सार्वजनिक पदाधिकारीको पदमुक्तसम्बन्धी विशेष व्यवस्था अध्यादेश, २०८३' शुक्रबार जारी गर्नुभएको छ। प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको सरकारले प्रशासनिक सुदृढीकरण र राज्यका निकायहरूलाई नयाँ गति दिने उद्देश्यले चालेको यो कदमसँगै विभिन्न ऐन र संरचनाअन्तर्गत राजनीतिक नियुक्ति पाएका कुल एक हजार ५९४ पदाधिकारी एकमुष्ट पदमुक्त हुने भएका छन्।

**सञ्चार, हवाई सेवा र मुद्रण क्षेत्रको पदमुक्ति**

नेपाल वायुसेवा निगम ऐन, २०१९ बमोजिम नियुक्त अध्यक्ष, उपाध्यक्ष, सञ्चालक र महाप्रबन्धकसहित सात पदाधिकारी पदमुक्त हुने भएका छन्। राष्ट्रिय समाचार समिति ( रासस) ऐन, २०१९ अन्तर्गतका दुई जना सञ्चालक र गोरखापत्र संस्थान ऐन, २०१९ बमोजिमका अध्यक्ष तथा सञ्चालक गरी तीन जनाको पद रिक्त हुने भएको छ।

चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ अन्तर्गत चलचित्र जाँच समितिका अध्यक्ष र सदस्य गरी तीन जना तथा सञ्चार संस्थान ऐन, २०२८ बमोजिम नियुक्त अध्यक्ष र सञ्चालक गरी दुई जना पदमुक्त हुने भएका छन्। प्रेस काउन्सिल ऐन, २०४८ बमोजिम मनोनित अध्यक्ष र सदस्य गरी १० जना तथा श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५१ अन्तर्गत नियुक्त अध्यक्ष र सदस्य गरी ६ जना पदमुक्त हुने भएका छन्। दूरसञ्चार ऐन, २०५३ बमोजिम नियुक्त प्राधिकरणका अध्यक्ष र सदस्य गरी पाँच जना तथा नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ बमोजिमका चार जना सदस्य पदमुक्त हुने भएका छन्।

विद्युतीय कारोबार ऐन, २०६३ बमोजिम सूचना प्रविधि न्यायाधिकरण र पुनरावेदन न्यायाधिकरणका ६ पदाधिकारी तथा सूचनाको हकसम्बन्धी ऐन, २०६४ अन्तर्गतका प्रमुख सूचना आयुक्त र सूचना आयुक्त गरी तीन जनाको पद रिक्त हुनेछ। विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ बमोजिम नियुक्त अध्यक्ष र सदस्य गरी ६ जना, सुरक्षण मुद्रणसम्बन्धी ऐन, २०८१ अन्तर्गत नियुक्त तीन जना र सार्वजनिक सेवा प्रसारण ऐन, २०८१ बमोजिमका अध्यक्ष र सदस्य गरी १५ जना पदाधिकारी पदमुक्त हुने भएका छन् ।

**शिक्षा तथा विश्वविद्यालय क्षेत्र**

शिक्षा ऐन, २०२८ अन्तर्गतका विभिन्न समिति र शिक्षक सेवा आयोगका अध्यक्ष तथा सदस्य गरी २३ जना पदमुक्त हुने भएका छन्। नेपाल संस्कृत विश्वविद्यालय ऐन, २०४३ बमोजिम नियुक्त उपकुलपति र सेवा आयोगका पदाधिकारीसहित २८ जना तथा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन, २०४५ अन्तर्गतका १७ जना पदाधिकारीको पद रिक्त हुने भएको छ। राष्ट्रिय युवा परिषद् ऐन, २०७२ अन्तर्गत नियुक्त ३४ जना पदाधिकारी पदमुक्त हुने भएका छन्।

काठमाडौं विश्वविद्यालय ऐन, २०४८ बमोजिम नियुक्त उपकुलपति र कुलसचिवलगायत २५ जना तथा त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ बमोजिम नियुक्त उपकुलपति र सेवा आयोगका पदाधिकारीसहित ८४ पदाधिकारी पदमुक्त हुने भएका छन्। विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० बमोजिम नियुक्त अध्यक्ष र सदस्य गरी आठ जना तथा पूर्वाञ्चल विश्वविद्यालय ऐन, २०५० अन्तर्गत नियुक्त उपकुलपति र कुलसचिवलगायत ६९ पदाधिकारी पदमुक्त हुने भएका छन्।

यसैगरी पोखरा विश्वविद्यालय ऐन, २०५३ बमोजिम नियुक्त उपकुलपति र शैक्षिक प्रमुखसहित ५० जना तथा लुम्बिनी बौद्ध विश्वविद्यालय ऐन, २०६३ बमोजिम नियुक्त उपकुलपति र कुलसचिवलगायत ४४ जना पदमुक्त हुने भएका छन्। सुदूरपश्चिम विश्वविद्यालय ऐन, २०६७ अन्तर्गत नियुक्त भएका २७ जना र मध्यपश्चिम विश्वविद्यालय ऐन, २०६७ बमोजिम नियुक्त २६ जना पदाधिकारीको पद रिक्त हुने भएको छ। कृषि तथा वन विज्ञान विश्वविद्यालय ऐन, २०६७ अन्तर्गत नियुक्त २२ जना, नेपाल खुला विश्वविद्यालय ऐन, २०७३ बमोजिम नियुक्त २४ जना, राजर्षि जनक विश्वविद्यालय ऐन, २०७४ अन्तर्गत नियुक्त ३९ जना र मदन भण्डारी विश्वविद्यालय ऐन, २०७९ बमोजिम नियुक्त २४ पदाधिकारीहरू पदमुक्त हुने भएका छन्।

**स्वास्थ्य, चिकित्सा र विज्ञान क्षेत्र**

आयुर्वेद चिकित्सा परिषद् ऐन, २०४५ बमोजिम नियुक्त कुलसचिव र सदस्य गरी ६ जना तथा नेपाल स्वास्थ्य अनुसन्धान परिषद् ऐन, २०४७ बमोजिमका नौ पदाधिकारी पदमुक्त हुने भएका छन्। पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् ऐन, २०७९ अन्तर्गत नियुक्त पाँच जना पदमुक्त हुने भएका छन्। यस्तै बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०४९ अन्तर्गत नियुक्त उपकुलपतिलगायत १५ जना तथा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ बमोजिमका पाँच जना सदस्यको पद रिक्त हुने भएको छ।

नेपाल नर्सिङ परिषद् ऐन, २०५२ अन्तर्गत नियुक्त आठ जना र नेपाल स्वास्थ्य व्यवसायी परिषद् ऐन, २०५३ बमोजिम नियुक्त पाँच पदाधिकारी पदमुक्त हुने भएका छन्। बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताल ऐन, २०५३ अन्तर्गत नियुक्त१० जना र सहिद गङ्गालाल राष्ट्रिय हृदय केन्द्र ऐन, २०५७ बमोजिम नियुक्त आठ जना पदमुक्त हुने भएका छन्। नेपाल फार्मेसी परिषद् ऐन, २०५७ अन्तर्गत नियुक्त सात जना र चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३ बमोजिम नियुक्त २२ पदाधिकारी पदमुक्त हुने भएका छन्।

यस्तै पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४ अन्तर्गत नियुक्त ३३ जना र कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६८ बमोजिम नियुक्त ३४ पदाधिकारीको पद रिक्त हुने भएको छ। पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७२ अन्तर्गत नियुक्त ३१ जना र राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७४ बमोजिम नियुक्त ३१ पदाधिकारीहरू पदमुक्त हुने भएका छन्।

स्वास्थ्य बीमा ऐन, २०७४ अन्तर्गत नियुक्त सात जना र जनस्वास्थ्य ऐन, २०७५ बमोजिम नियुक्त ६ सदस्यको पद जाने भएको छ। नेपाल मेडिकल काउन्सिल ऐन, २०७५ अन्तर्गत नियुक्त आठ जना र राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ बमोजिम नियुक्त १६ पदाधिकारी पदमुक्त हुने भएका छन्। विदुषी योगमाया हिमालय आयुर्वेद विश्वविद्यालय ऐन, २०७९ अन्तर्गत नियुक्त ४२ जना र सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय ऐन, २०८२ बमोजिम नियुक्त २९ पदाधिकारीको पद रिक्त हुने भएको छ।

**ऊर्जा, पूर्वाधार, वित्तीय र नियमनकारी निकाय**

नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ बमोजिम नियुक्त कार्यकारी निर्देशक र सदस्य गरी ६ जना तथा काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ अन्तर्गत नियुक्त चार पदाधिकारी पदमुक्त हुने भएका छन्। नेपाल खानेपानी संस्थान ऐन, २०४६ बमोजिम नियुक्त ६ जना र नगर विकास कोष ऐन, २०५३ अन्तर्गत नियुक्त ६ पदाधिकारी पदमुक्त हुने भएका छन्।

यस्तै सडक बोर्ड ऐन, २०५८ बमोजिम नियुक्त चार जना, विद्युत् नियमन आयोग ऐन, २०७४ अन्तर्गत नियुक्त पाँच जना र नेपाल रेल्वे ऐन, २०७९ बमोजिम नियुक्त रेल्वे प्रशासक र सदस्य गरी पाँच पदाधिकारी पदमुक्त हुने भएका छन्। वित्तीय क्षेत्रतर्फ कर्मचारी सञ्चय कोष ऐन, २०१९ बमोजिम नियुक्त आठ जना र नागरिक लगानी कोष ऐन, २०४७ अन्तर्गत नियुक्त तीन जनाको पद रिक्त हुने भएको छ। नेपाल चार्टर्ड एकाउन्टेन्ट ऐन, २०५३ बमोजिमका १५ जना र औद्योगिक व्यवसाय विकास प्रतिष्ठान ऐन, २०५३ अन्तर्गत नियुक्त पाँच पदाधिकारी पदमुक्त हुने भएका छन् ।

यसैगरी अन्तर्राष्ट्रिय वित्तीय कारोबार ऐन, २०५४ बमोजिम नियुक्त तीन जना र धितोपत्रसम्बन्धी ऐन, २०६३ अन्तर्गत नियुक्त एक सदस्यको पद जाने भएको छ। प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३ बमोजिम नियुक्त ६ जना र सार्वजनिक खरिद ऐन, २०६३ अन्तर्गत पुनरावलोकन समितिका तीन पदाधिकारी पदमुक्त हुने भएका छन्। निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ बमोजिम नियुक्त प्रमुख कार्यकारी अधिकृत र सदस्य गरी तीन जना र विशेष आर्थिक क्षेत्र ऐन, २०७३ अन्तर्गत नियुक्त एक जनाको पद रिक्त हुने भएको छ। सहकारी ऐन, २०७४ बमोजिम नियुक्त आठ जना र सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ अन्तर्गत नियुक्त चार पदाधिकारीहरू पदमुक्त हुने भएका छन्। औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम नियुक्त दुई जना, बीमा ऐन, २०७९ अन्तर्गत नियुक्त दुई जना र प्रत्यायन ऐन, २०७९ बमोजिम नियुक्त ६ पदाधिकारीको पद जाने भएको छ।

**कृषि, वातावरण, प्रज्ञा प्रतिष्ठान र सामाजिक क्षेत्र**

बिउबिजन ऐन, २०४५ अन्तर्गतका आठ सदस्य र नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ बमोजिम नियुक्त नौ पदाधिकारी पदमुक्त हुने भएका छन्। राष्ट्रिय दुग्ध विकास बोर्ड ऐन, २०४८ अन्तर्गत नियुक्त सात जना र राष्ट्रिय चिया तथा कफी विकास बोर्ड ऐन, २०४९ बमोजिम नियुक्त सात जनाको पद रिक्त हुने भएको छ। यस्तै नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ अन्तर्गत नियुक्त तीन जना र बिरुवा क्वारेन्टाइन तथा संरक्षण ऐन, २०६४ बमोजिम नियुक्त पाँच पदाधिकारी पदमुक्त हुने भएका छन्। जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६ अन्तर्गत नियुक्त छ जना र वातावरण संरक्षण ऐन, २०७६ बमोजिम नियुक्त पाँच जनाको पद जाने भएको छ। खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम नियुक्त सात पदाधिकारी पदमुक्त हुने भएका छन्।

प्रज्ञा प्रतिष्ठानतर्फ नेपाली भाषा प्रकाशन संस्थान ऐन, २०२१ बमोजिम नियुक्त नौ जना र गुठी संस्थान ऐन, २०३३ अन्तर्गत नियुक्त १० जनाको पद रिक्त हुने भएको छ। लुम्बिनी विकास कोष ऐन, २०४२ बमोजिम नियुक्त ११ जना र पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ अन्तर्गत नियुक्त नौ पदाधिकारी पदमुक्त हुने भएका छन् ।

यसैगरी नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ऐन, २०४८ बमोजिम नियुक्त ४९ जना र नेपाल स्काउट ऐन, २०५० अन्तर्गत नियुक्त ३३ जनाको पद जाने भएको छ। बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् ऐन, २०५५ बमोजिम नियुक्त १६ जना र आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ अन्तर्गत नियुक्त २५ पदाधिकारी पदमुक्त हुने भएका छन्।

आदिवासी जनजाति परिषद् अन्तर्गतका ६० जना मनोनीत सदस्यहरू र नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ बमोजिम नियुक्त ३३ जनाको पद रिक्त हुने भएको छ। नेपाल सङ्गीत तथा नाट्यकला प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ अन्तर्गत नियुक्त ३३ जना र नेपाल प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ बमोजिम नियुक्त ४३ पदाधिकारी पदमुक्त हुने भएका छन्।

**प्रशासनिक तथा सामाजिक क्षेत्रतर्फ**

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान ऐन, २०३९ बमोजिम नियुक्त चार जना र स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान ऐन, २०४९ अन्तर्गत नियुक्त एक जनाको पद जाने भएको छ। समाज कल्याण ऐन, २०४९ बमोजिम नियुक्त १० जना र नेपाल इन्जिनियरिङ परिषद् ऐन, २०५५ अन्तर्गत नियुक्त १४ पदाधिकारी पदमुक्त हुने भएका छन् ।

यस्तै वैदेशिक रोजगार ऐन, २०६४ बमोजिम नियुक्त १० जना र नेपाल ट्रष्ट ऐन, २०६४ अन्तर्गत नियुक्त तीन जनाको पद रिक्त हुने भएको छ। बेपत्ता पारिएका व्यक्तिको छानबिन र सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ बमोजिमका पाँच पदाधिकारी पदमुक्त हुने भएका छन्। श्रम ऐन, २०७४ बमोजिम नियुक्त १० जना र योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ अन्तर्गत नियुक्त सात जनाको पद जाने भएको छ। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ बमोजिम नियुक्त चार जना र अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ अन्तर्गत नियुक्त १७ पदाधिकारी पदमुक्त हुने भएका छन् ।

यसैगरी भूउपयोग ऐन, २०७६ बमोजिम नियुक्त चार जना, रेडियोधर्मी पदार्थ (उपयोग तथा नियमन) ऐन, २०७७ अन्तर्गत नियुक्त तीन जना र राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ बमोजिम नियुक्त २७ पदाधिकारीहरूको पद रिक्त हुने भएको छ। यसरी एक हजार ५९४ पदाधिकारी पदमुक्त हुने भएका छन्। सरकारले अब यी रिक्त पदमा नयाँ नियुक्ति प्रक्रिया चाँडै अगाडि बढाउने तयारी गरेको छ ।

# चट्याङको नालीबेली : कहाँ पर्छ, कसरी बच्ने ?

**सुमित्रा लुइटेल**

प्रि–मनसुन सुरु भएसँगै नेपालमा चट्याङका घटना हवात्तै बढ्ने गर्छन्। वर्षको यो समयमा आकाशमा बिजुली चम्किनु र मेघ गर्जनको आवाजसँगै चट्याङ पर्ने जोखिम पनि उत्तिकै उच्च हुन्छ। नेपालमा हरेक वर्ष चट्याङबाट दर्जनौं मानिसको ज्यान जाने गर्छ भने सयौं घाइते हुन्छन्। चट्याङ कहिले र कहाँ बढी पर्छ ? यसबाट कसरी बच्ने ? र चट्याङ लागेमा के गर्न सकिन्छ ? यस सम्बन्धमा महत्वपूर्ण जानकारी यहाँ समेटिएको छ :

**नेपालमा चट्याङ कहिले बढी पर्छ ?**

नेपालमा चैत, वैशाखको समयमा सबैभन्दा धेरै चट्याङ पर्छ। प्रि–मनसुनको समयमा विद्युतीय चार्ज उत्पादन गर्ने बादल हुन्छ। वर्षायामको बादलमा पनि विद्युतीय चार्ज हुन्छ। तर, त्यो समयमा पानी धेरै पर्छ। पानीसँगै विद्युतीय चार्ज जमिनमा झर्छ। प्रि–मनसुनको समयमा पानी कम पर्छ। बादल मडारिएर उथलपुथल हुन्छ अनि चट्याङ पर्छ। सामान्यतया चिसो मौसम र वसन्त ऋतुमा चट्याङ पर्दैन। चैतको मध्य समयदेखि असारसम्म बढी पर्छ।

**नेपालको कुन–कुन क्षेत्रमा चट्याङको जोखिम बढी छ ?**

नेपालको सबैभन्दा जोखिमपूर्ण क्षेत्र चुरे हो। चुरेका पहाडहरूमा चट्याङको घनत्व मध्यमदेखि उच्च हुन्छ र मानिसको मृत्युदर पनि यहाँ सबैभन्दा बढी हुन्छ। मध्य र पूर्वी पहाडी क्षेत्रमा पनि जोखिम बढि हुन्छ। चुरे र कम उचाइका पहाडी जिल्लाहरूमा चट्याङ पर्ने घटना र मानवीय क्षति दुवै बढी देखिन्छ। उच्च हिमाली क्षेत्रमा चट्याङ कम पर्छ। नेपालमा चट्याङको सबैभन्दा बढी प्रभाव मकवानपुर जिल्लामा देखिएको छ। तर बारम्बार चट्याङ परिरहने क्षेत्रमा झापा र मोरङ पनि पर्छन्।

**कच्ची घरमा बस्नेहरू चट्याङबाट किन बढी जोखिममा पर्छन् ?**

कच्ची वा कमजोर घरमा बस्ने मानिसहरू चट्याङबाट धेरै बढी खतरामा हुन्छन्। किनकी यस्ता जस्ताको छानो हालिएको हुन्छ। जस्तामा बिजुली प्रसार हुन्छ। चट्याङ लाग्दा करेन्ट सजिलै जस्ता हुँदै घरभित्र पस्छ र मानिसलाई लाग्छ। प्रायः पक्की घरमा चट्याङको करेन्ट जमिनमा पुर्‍याउने अर्थिङ सिस्टम राखिन्छ। तर कच्ची घरमा यस्तो केही पनि हुँदैन। त्यसैले करेन्ट घर र मानिस हुँदै जान्छ।

**चट्याङबाट बच्नका कस्तो सतर्कता अपनाउनुपर्छ ?**

- आकाशमा बिजुली चम्किनेबित्तिकै चट्याङ पर्न लाग्यो भन्ने बुझ्नुपर्छ, त्यसबखत थचक्क बस्नुपर्छ। – हातलाई घुँडामा टेकाएर टाउको निहुराएर होचो ठाँउको भुइँ सतहमा बस्नु राम्रो हुन्छ।
- यो समयमा छाता खोल्ने वा मोबाइल फोन प्रयोग गर्ने गर्नुहुँदैन। किनभने यी वस्तुमा भएका धातुले करेन्टलाई शरीरतर्फ तान्न मद्दत गर्छ।
- चट्याङ पर्दा वा बादलबाट मेघ गर्जनको आवाज आउँदा घरभित्र हुनुहुन्छ भने विद्युतीय उपकरणबाट टाढै रहनुपर्छ।
- यस्तो समयमा खेतबारीमा काम गर्न निस्किनुहुँदैन। खेतमै भएको अवस्थामा नजिकै रहेको पाटी वा छाप्रोमा बस्न सकिन्छ।
- झ्याल र ढोका बन्द गर्नुपर्छ। बार्दली र कौसीमा बस्नु हुँदैन। यसबाहेक बिजुलीसँग जोडिएको वस्तु छुनु उपयुक्त हुँदैन।
- धातुबाट बनेका पाइप, धारा र

–बाँकी अन्तिम पेजमा

### *चट्याङको ...*

हात धुने बेसिनबाट सम्भव भएसम्म टाढा रहनुपर्छ।

- चट्याङ परेका बेला रुखमुनि, अग्लो भवन वा खुल्ला ठाँउमा उभिनुहुँदैन। अग्लो ठाँउमा बस्दा समूहमा उभिनुको सट्टा अलग्गै उभिनुपर्छ। सबैभन्दा राम्रो भनेको नजिकैको घरमा आश्रय लिनु हो।
- यात्राको क्रममा चट्याङ परेमा गाडीमै बस्नुपर्छ। बाइकमा भए तुरुन्त रोकेर घर वा पार्टी भएको स्थानमा बस्न सकिन्छ।
- बिजुली वा टेलिफोनको पोल र कुनै पनि मेसिनबाट टाढा रहनुपर्छ। यदि पानीमुनि वा डुंगामा भएको अवस्था छ भने तुरुन्तै बाहिर निस्कनुपर्छ।

**चट्याङ लागेमा तुरुन्त के गर्ने ?**

- यदि आफ्नो वरपर नजिकै कसैमाथि चट्याङ परेको देखिहालेमा सम्भव भएसम्म तत्काल पहिले नजिकको अस्पताल लैजान एम्बुलेन्स बोलाउनुपर्छ।
- एम्बुलेन्स आउने समयसम्म प्राथमिक उपचार गर्नुपर्छ।
- कतिपयले पीडितलाई छुँदा करेन्ट लाग्ने डरले नछोइ बस्न सक्छन्, जुन गलत हो। चट्याङ लागेका मानिसमा विद्युतीय करेन्ट बाँकी नहुने हुँदा उनीहरूलाई छुँदा अरूलाई केही हुँदैन।
- चिकित्सक नआउने समयसम्म पीडितको अवस्था अवलोकन गरी चट्याङ लागेका व्यक्ति बेहोसीको अवस्थामा भए सास चलिरहेको छ कि छैन हेर्नुपर्छ।
- ट्याङ लागेको व्यक्तिको नाक र मुख छेउमा आफ्नो दुई औंला वा कान राखेर हावा आइरहेको छ कि छैन अनुभव गर्न सकिन्छ।
- मुटुको धड्कनको गति पनि छामेर जाँच गर्न सकिन्छ।
- सास फेरेको छैन जस्तो लाग्छ भने नाडी १० सेकेण्ड जति छामेर हेर्नुपर्छ। छाम्दा नाडी र गर्दनमा दुई औंला बलियोसँग राखी स्थिर भएर धड्कन अनुभव गर्नुपर्छ। यसले शरीरमा रक्तसञ्चार भइरहेको थाहा हुन्छ।
- नाडी छाम्दा भेटिएन भने तुरुन्त सीपीआर दिनुपर्छ।
- सीपीआर गर्न छातीको केन्द्रमा दुवै हातले बल लगाएर धक्का दिनुपर्छ। एक मिनेटमा लगभग १०० देखि १२० पटक धक्का दिनुपर्छ। यसरी धक्का दिँदा फोक्सोमा भरिएको पानी पनि बाहिर आउन सक्छ। यो बीचमा एम्बुलेन्स आइपुगेमा पनि सीपीआर जारी राख्नुपर्छ।
- प्रायः चट्याङ पर्दा टाउकोबाट करेन्ट प्रवेश गर्ने र खुट्टाबाट बाहिरिने हुनाले टाउको र खुट्टा जलेको, हाँ भाँच्चिएको, सुन्ने शक्ति वा हेर्ने शक्ति पनि नभएको हुनसक्छ। त्यसैले यी कुरा जाँच गर्नुपर्छ।
- सामान्य चोटपटकले रगत बगिरहेको छ भने मलमपट्टी गर्नुपर्छ।

### *स्थानीय तहका ...*

जनतासँगको सामिप्यता, व्यक्तिको विषयगत विज्ञता लगायतलाई प्राथमिकतामा राखेर व्यक्तिको मूल्यांकन पार्टीले गर्नेछ।

'रास्वपाले उठाउने उम्मेदवारले जित्ने सम्भावना कति छ ? कोर भोट वा स्विङ भोटको अवस्था पनि हामी हेर्छौं,' केन्द्रीय सदस्य ढुङ्गाना भन्छन्, 'जनसम्पर्क, पेसागत, शैक्षिक अनुभव, सामाजिक योगदानको मूल्यांकन गरेर उम्मेदवार छनोट गर्छौं।' स्थानीय तहमा कम्तीमा पनि ३३ प्रतिशत महिला उम्मेदवार बनाउने गरी रास्वपामा छलफल भएको नेताले जानकारी गराएका छन्। उम्मेदवार छनोट गर्दा दलित, अपाङ्ग, निश्चित समुदाय लगायतको हुँदा उक्त व्यक्तिले स्वतः १० प्रतिशत प्राप्त गर्ने गरी विधि बनाइएको छ।

प्रारम्भिक निर्वाचनको भार अंक ४० प्रतिशत तोकिएको छ। प्रारम्भिक निर्वाचनमा सम्बन्धित स्थानका पार्टी सदस्यले मतदान गर्न पाउने छन्। स्थानीय तहका सबै पदका उम्मेदवार उम्मेदवार छनोट गर्दा प्रारम्भिक मतदानमा सम्बन्धित वडाका रास्वपा सदस्यले भाग लिने छन्। रास्वपाको विधानअनुसार सम्बन्धित स्थानमा कूल मतदातामा एक प्रतिशत रास्वपा सदस्य भए मात्रै प्रारम्भिक मतदानको विधि लागु हुन्छ। प्रारम्भिक मतदान हुने अवस्थाबारे रास्वपा विधानले भन्छ, 'राष्ट्रिय निर्वाचन आयोगले अघिल्लो निर्वाचनमा सार्वजनिक गरेको सम्बन्धित क्षेत्रको कूल मतदाता संख्याको १ प्रतिशतभन्दा कम रहे निर्वाचन मण्डल गठन भएको मानिने छैन र सम्बन्धित क्षेत्रको उम्मेदवार केन्द्रीय समितिले छनोट गर्नेछ। केन्द्रीय निर्वाचन आयोगले प्रारम्भिक निर्वाचनको प्रक्रिया गर्नेछ।'

प्रारम्भिक निर्वाचनमा सहभागी भएका उम्मेदवारभन्दा फरक उम्मेदवार बनाउनुपर्ने अवस्था आएमा विधानले विकल्प पनि दिएको छ। प्रारम्भिक निर्वाचनमा निर्वाचित र सहभागी उम्मेदवारहरूको सहमतिमा केन्द्रीय समिति वा केन्द्रीय समितिबाट अधिकार प्राप्त निकायले उम्मेदवार छनोट गर्न सक्ने विकल्प राखिएको छ। रास्वपाले प्रतिनिधिसभाका उम्मेदवारका लागि छनोट विधि बनाए पनि कार्यान्वय हुन सकेको थिए। उपचुनावको समयमा उम्मेदवार छनोटको विधि लागु गर्दागर्दै चुनाव नहुने परिस्थिति बनेको थियो।

२१ फागुनमा भएको प्रतिनिधिसभा निर्वाचनको नजिक काठमाडौं महानगरका पूर्वमेयर बालेन शाह पक्षसँग एकता हुँदा प्रारम्भिक मतदान गर्न नसकिएको रास्वपाले जनाएको थियो। विधिभन्दा बाहिर गएर उम्मेदवार छनोट नहुने केन्द्रीय सदस्य ढुङ्गाना दाबी गर्छन्। उनी भन्छन्, 'महानगरको हकमा केन्द्रीय सचिवालयलाई निर्णय लिन सक्ने १५ प्रतिशत अधिकार बाहेक अन्यमा हामीले बनाएको विधि जे हो, त्यही लागु हुन्छ।'

रास्वपाको विधानअनुसार 'अन्य राजनीतिक पार्टी त्याग गरी आएको' व्यक्ति कुनै पनि तहको उम्मेदवार हुन नपाउने व्यवस्था छ। तर प्रतिनिधिसभा निर्वाचनमा भने रास्वपाले विधानको उक्त व्यवस्था कार्यान्वयन गरेको थिएन। निर्वाचनको मुखमा विभिन्न दलबाट रास्वपा प्रवेश गरेर उम्मेदवारको टिकट लिनेहरू उल्लेख्य थिए। 'त्यस्तो व्यक्ति उम्मेदवार क्लबमा आउन पायो। लिडरसिप एकेडेमीका कक्षा पनि लिन पायो। भर्खर रास्वपामा आएको हो भने त्यस्तो व्यक्तिले कम अंक प्राप्त गर्ने व्यवस्था गरेको छौं,' केन्द्रीय सदस्य ढुङ्गाना भन्छन्, 'पहिले नै जनप्रतिनिधि भएका वा अरू दल छोडेर रास्वपा प्रवेश गर्ने वित्तिकै उम्मदेवार हुन खोज्नेले स्वतः अंक कम पाउँछ।'

रास्वपाले स्थापनाकालदेखि नै स्थानीय तहका जनप्रतिनिधि गैरदलीय हुनुपर्ने वकालत गर्दै आएको छ। पालिकाको नेतृत्व गर्ने व्यक्ति राजनीतिक रूपमा प्रशिक्षित व्यक्ति हुनुपर्ने पार्टीको पछिल्लो बुझाइ रहेको उल्लेख गर्दै केन्द्रीय सदस्य ढुङ्गाना भन्छन्, 'पार्टीको सदस्य लिएर, विधान र पार्टी दर्शनलाई मानेको व्यक्ति नै उम्मेदवार बनाउनुपर्ने अवस्था छ। संविधानको कारणले पनि अहिले गैरदलीय उम्मेदवार बनाउने अवस्था छैन।'

# कर्मचारीको दलीय र आधिकारिक ट्रेड युनियन खारेज

काठमाडौं, २० वैशाख। सरकारले कर्मचारी ट्रेड युनियनको व्यवस्था हटाएको छ। आइतबार राष्ट्रपति रामचन्द्र पौडेलले जारी गरेको केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेशमा ट्रेड युनियन हटाउने व्यवस्था राखिएको हो। मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले आइतबार 'केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश' जारी गरेका थिए। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले कर्मचारी ट्रेड युनियन हटाउने विषय आफ्नो सय बुँदे कार्यसूचीमै समावेश गरेको थियो।

सोही अनुसार, कानुन संशोधन गर्दै ट्रेड युनियन खारेज गर्ने व्यवस्था भएको हो। संघीय निजामती सेवा विधेयकमा ट्रेड युनियनको व्यवस्था समावेश नहुने गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयारी गरिरहेको थियो। विधेयकको मस्यौदामा राय/सुझाव मागिरहेको समयमा अध्यादेश जारी भएको छ। 'दलीय र आधिकारिक कुनै पनि ट्रेड युनियन हुँदैन। कर्मचारीको गुनासो सुन्ने व्यवस्था भने समावेश छ,' स्रोतले भन्यो। आधिकारिक ट्रेड युनियनको व्यवस्था हटाएर विधेयकको मस्यौदा तयार भएपछि दलीय कर्मचारी संगठनले आपत्ति जनाएका थिए।

दलगत ६ कर्मचारी संगठनले वक्तव्य जारी गर्दै निजामती सेवा विधेयकमा ट्रेड युनियनको व्यवस्था राख्न माग गरेका थिए। कर्मचारीको पेसागत हकहितका लागि संगठित हुने अधिकारका विषयमा सरकारले सुनवाइ नगरे ट्रेड युनियन सञ्जालले चरणबद्ध आन्दोलन गर्ने चेतावनीसमेत दिएको थियो। आन्दोलनको चेतावनी दिने गरी वक्तव्य निकाल्ने दलगत संगठनहरूमा नेपाल निजामती कर्मचारी संगठन, नेपाल निजामती कर्मचारी युनियन, नेपाल राष्ट्रिय निजामती कर्मचारी संगठन, एकीकृत सरकारी कर्मचारी संगठन, नेपाल मधेशी निजामती कर्मचारी मञ्च र स्वतन्त्र राष्ट्रसेवक कर्मचारी संगठन छन्।

निजामती सेवालाई प्रभावकारी बनाउन र कर्मचारीलाई दलीय प्रभावबाट मुक्त गराउन ट्रेड युनियनको व्यवस्था हटाउनु परेको मन्त्रालयको दाबी छ।

# समर्थन मूल्य कम भएको गुनासो

बर्दिबास, २० वैशाख। महोत्तरीको रामनगरस्थित एभरेस्ट चिनी मिलले चालु क्रसिङ सिजन २०८२/८३ का लागि खरिद गरिएको उखुको अधिकांश भुक्तानी सम्पन्न गरेको जनाएको छ। मिलका अनुसार यस सिजनमा ११ हजार ८१८ किसानबाट २८ लाख ५३ हजार १७९ क्विन्टल उखु खरिद गरिएको थियो। सो उखुबाट दुई लाख ६१ हजार ७३८ क्विन्टल चिनी उत्पादन भएको एभरेस्ट चिनी मिलले जनाएको छ।

खरिद गरिएको उखुको कुल एक अर्ब ७६ करोड ४२ लाख ५५ हजार रुपियाँ किसानको बैङ्क खातामा भुक्तानी गरिएको मिलका वित्तीय महाप्रबन्धक विमलचन्द्र ठाकुरले जानकारी दिनुभयो। मिलले महोत्तरी, सर्लाही र धनुषाका किसानबाट उखु खरिद गरेको थियो। यस वर्ष सरकारले उखुको समर्थन मूल्य प्रतिक्विन्टल ३५ रुपियाँ बनाएपछि मिल गेटमा ६२० रुपियाँ र खरिद केन्द्रमा ५९५ रुपियाँ प्रतिक्विन्टलका दरले भुक्तानी गरिएको ठाकुरले बताउनुभयो।

यद्यपि बैङ्किङ प्रक्रिया नमिल्दा १३ जना किसानको करिब तीन लाख ७० हजार रुपियाँ भुक्तानी हुन बाँकी छ। ती किसानसँग सम्पर्कको प्रयास भइरहेको र खाता विवरण प्राप्त हुनासाथ भुक्तानी गरिने मिलले जनाएको छ।

उखु खेतीमा गिरावट देखिएपछि एभरेस्ट मिलले अघिल्लो सिजन २०८०/८१ देखि उखु खरिद गरेको एक साताभित्रै भुक्तानी दिने नीति लागु गरेको थियो। समयमै भुक्तानी हुँदा उत्पादन वृद्धि हुने अपेक्षा गरिए पनि यस वर्ष लक्ष्य अनुसार उत्पादन हुन सकेन। गत वर्ष १२ हजार पाँच बिघामा उखु खेती गरिएकोमा यस वर्ष उत्पादन लक्ष्यभन्दा करिब चार लाख क्विन्टलले कम भएको छ।

उखु उत्पादक कृषक महासंघका केन्द्रीय सदस्य महाशंकर थिङले समयमै भुक्तानी सकारात्मक भए पनि न्यूनतम समर्थन मूल्य निर्धारण नगरेसम्म उत्पादन वृद्धि सम्भव नरहेको बताउनुभयो। वर्तमान महँगी र उत्पादन लागतलाई हेर्दा प्रतिक्विन्टल ७५० रुपियाँ समर्थन मूल्य किसानको न्यूनतम आवश्यकताभित्र पर्ने उहाँको भनाइ छ। यसअघि सरकारले उखुमा दिँदै आएको ७० रुपियाँ अनुदान घटाएर ३५ रुपियाँमा झारेपछि किसानले आन्दोलन चर्काएका थिए। पछि सरकारले पुनः ७० रुपियाँ अनुदान कायम गरे पनि समर्थन मूल्य ६२० रुपियाँ मात्र निर्धारण गरिएकाले यसको असर उखु उत्पादनमा परेको किसान नेताहरूको भनाइ छ। उखु उत्पादक कृषक संघ महोत्तरीका अध्यक्ष नरेशसिंह कुशवाहाले सरकारले बजार मूल्य र उत्पादन लागतबिचको असन्तुलनलाई वैज्ञानिक रूपमा मूल्याङ्कन गरी दीर्घकालीन समाधान निकाल्नुपर्ने आवश्यकता रहेको औँल्याउनुभयो।

# सालको गोलियासहित ट्याक्टर नियन्त्रणमा

विनय कर्ण

कल्याणपुर, २० वैशाख। सप्तरी प्रहरीले सालको काठ (गोलिया) सहित एक ट्याक्टर नियन्त्रणमा लिएको छ। खडक नगरपालिका वडा ८ बिसनपुर चोकस्थित पूर्व–पश्चिम राजमार्गमा गस्ती गर्ने क्रममा शनिबार राति ९:३० बजे स १ त ३९०२ नम्बरको ट्याक्टर सहित काठ नियन्त्रणमा लिएको हो। इलाका प्रहरी कार्यालय कल्याणपुरबाट खटिईएको गस्ती टोलीले बेवारिसे अवस्थामा रहेको ट्याक्टरमा राखिएको ३ थान सालको काठको गोलिया ट्याक्टर सहित नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बरबहादुर पुरीले जानकारी दिनुभयो।

उहाँले नियन्त्रणमा लिएको काठ सब–डिभिजन वन कार्यालय कल्याणपुरबाट प्राविधिक कर्मचारी बोलाई नापजाँच गर्दा उक्त काठको परिमाण ८० क्युफिट रहेको र मूल्य दुईलाख लाख ४० हजार मुल्य बराबरको रहेको बताउनुभयो। त्यस्तै नियन्त्रणमा लिइएको ट्याक्टरको मूल्य ६ लाख रुपियाँ रहेको अनुमान गरिएको छ। काठ र ट्याक्टर गरी जम्मा आठलाख लाख ४० हजार बराबरको सामान बरामद भएको प्रहरीले जनाएको छ।

### *विश्व प्रेस स्वतन्त्रता...*

महासंघको अनुगमन प्रतिवेदनअनुसार गएको वर्ष ७३ वटा प्रेस स्वतन्त्रता हननका घटना भएकामा यस वर्ष बढेर एक सय ३१ वटा पुगेको छ। उहाँले विशेष गरी सरकारी विज्ञापन र सूचना केवल सरकारी सञ्चार माध्यमलाई मात्र उपलब्ध गराउने सरकारको सचिवस्तरीय परिपत्रले निजी सञ्चार माध्यममाथि 'आर्थिक नाकाबन्दी' लगाएको महासंघको ठहर रहेको बताउनुभयो।

त्यस्तै, समाचार लेखेकै आधारमा पत्रकारलाई विद्युतीय कारोबार ऐनअन्तर्गत फौजदारी मुद्दा लगाउने र प्रहरीले समाचारको स्रोत खुलाउन दबाब दिने कार्य भइरहेकोमा पनि महासंघले आपत्ति जनाएको छ। त्यालीमा राष्ट्रिय मानवअधिकार आयोगका सदस्य मनोज दवाडी, नेपाल बार एसोसिएसनका अध्यक्ष विजय मिश्र, नागरिक समाजका अगुवा तथा विभिन्न प्रेस संगठनका प्रतिनिधिको सहभागिता रहेको थियो।

# बारामा ७१ हजार ९२ मेट्रिकटन गहुँ उत्पादन

बारा, २० वैशाख। जिल्लामा यस वर्ष किसानले खेती गरेको गहुँ बाली मौसम अनुकूल नभएकाले उत्पादनमा २० प्रतिशतले कमी आएको छ। जिल्लास्थित कृषि ज्ञान केन्द्रका अनुसार मौसम अनुकूल नहुँदा गहुँ उत्पादनमा १७ हजार ९८० मेट्रिकटनले कमी आएको हो। केन्द्रका प्रमुख राजनारायण साहले आर्थिक वर्ष २०८२/८३ मा किसानले २९ हजार हेक्टर क्षेत्रफलमा विभिन्न जातका गहुँखेती गर्दा प्रतिहेक्टर तीन दशमलव एक मेट्रिकटन उत्पादन हुनुपर्नेमा दुई दशमलव ४८ मेट्रिकटन भएको जानकारी दिए। अनुसार चालु आवमा ७१ हजार ९२ मेट्रिकटन गहुँ उत्पादन भएको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार:** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)